# संरक्षित क्षेत्रहरूबाट सिर्जित रोजगारी

■ विश्वास राणा*

## परिचय

संरक्षित क्षेत्रहरूले वातावरणीय सेवा प्रदान गर्नेमात्र नभएर स्थानीय समुदायहरूको रोजगारी तथा जीविकोपार्जनका प्रचुर सम्भावनाहरू बोकेका हुन्छन् । यस्ता क्षेत्रको संरक्षणमा प्रत्यक्ष रूपमा संलग्न भएर या आसपासको क्षेत्रमा खोलिएका होटेलमा काम गरेर, पर्यापर्यटनमा संलग्न भएर या वन व्यवस्थापनको काममा सहभागी भएर धेरै संख्यामा मानिसहरूले अप्रत्यक्ष रूपमा रोजगार पाएको कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । हालै गरिएको एक अध्ययन अनुसार नेपालको वनक्षेत्रले बर्सेनि १६ लाख ५८ हजार व्यक्तिबराबरको रोजगारी सिर्जना गर्ने गरेको छ, जुन नेपालको आर्थिक रूपले सक्रिय कुल जनसंख्याको ९.२३ प्रतिशत हो । संरक्षणमुखी व्यवस्थापनका कार्यक्रमहरूले जैविक विविधताको संरक्षण गर्नुका साथै यसको दिगो उपयोगद्वारा स्थानीय समुदायहरूको जीविकामा सहयोग पुऱ्याइरहेका छन् (IUCN 1998) । यी क्षेत्रहरूको संरक्षणमा स्थानीय समुदायको सहभागितालाई उत्तिकै महत्वको साथ हेरिँदै आएको छ, जसअनुसार संरक्षित क्षेत्रवरपरको भागलाई मध्यवर्ती क्षेत्र व्यवस्थापनको अवधारणा अगाडि ल्याइएको छ । मध्यवर्ती क्षेत्रमा स्थानीय बासिन्दाहरूका विभिन्न उपभोक्ता समूह गठन गरी जिम्मेवार बनाउने कार्य बढ्दो रूपमा भइरहेको छ (Khatri 2010) । संरक्षित क्षेत्रको दिगो व्यवस्थापनका लागि ल्याइएको यो अवधारणाले स्थानीय बासिन्दाहरूको अपेक्षा पूरा गर्न तथा फाइदा एवं अवसरहरू प्राप्त गर्दै संरक्षणमा दिगो टेवा पुग्न सक्छ भन्नेमा कहिलेकाहीं प्रश्नसमेत उठ्ने गरेको छ (Paudyal 2007) । यस सन्दर्भमा संरक्षणमुखी कार्यक्रमले स्थानीय समुदायको जीविकोपार्जनमा योगदान पुऱ्याउने बारेमा लेखाजोखा एवं समीक्षा गर्नु सम्पूर्ण संरक्षित क्षेत्रको विकासका लागि महत्वपूर्ण हुन सक्ने देखिन्छ ।


## संरक्षित क्षेत्र व्यवस्थापन र रोजगारी सिर्जना

संरक्षित क्षेत्र व्यवस्थापन गर्ने कार्य नेपालमा सन् १९७० को दशकमा सुरु भएको थियो । यसैक्रममा चितवन राष्ट्रिय निकुञ्ज, नेपालको पहिलो संरक्षित क्षेत्रका रूपमा सन् १९७३ मा घोषणा भएको थियो भने आर्थिक वर्ष २०६६/६७ को अन्त्यसम्ममा नेपालको कुल भूभागको २३.२३ प्रतिशत क्षेत्र राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष तथा मध्यवर्ती क्षेत्रका रूपमा व्यवस्थापन भइरहेको छ (DNPWC 2010) । संरक्षित क्षेत्रको व्यवस्थापनमा वन तथा भूसंरक्षण मन्त्रालयअन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्वदायी भूमिका रहेको छ । यस विभागले मातहतका विभिन्न स्थलगत कार्यालयहरूमार्फत स्थानीय समुदाय, दातृ निकाय, सुरक्षा निकाय, प्रशासन आदिको सहयोगमा २० वटा संरक्षित क्षेत्रहरू व्यवस्थापन गरेको छ जहाँ प्रजाति संरक्षण, वासस्थान व्यवस्थापन, मध्यवर्ती क्षेत्र व्यवस्थापन, पर्यापर्यटन प्रवर्द्धन, संरक्षण शिक्षाजस्ता कार्यक्रमहरू सञ्चालन भइरहेका छन् (DNPWC 2010) । यद्यपि यी क्षेत्रहरूको व्यवस्थापनको सुरुवाती चरणमा स्थानीय समुदायहरूको प्रत्यक्ष सहभागिता हुने व्यवस्था भने यथेष्ट नरहेको पाइन्छ । पछिल्ला दशकहरूमा संरक्षित क्षेत्रबाट प्रभावित ठाउँहरूलाई मध्यवर्ती क्षेत्र घोषणा गर्ने क्रम बढेको छ । स्थानीय समुदायको दैनिक उपभोग्य वनस्रोतको आपूर्ति गराउने तथा संरक्षित क्षेत्रका वन्यजन्तुहरूको वासस्थानलाई फराकिलो बनाउने उद्देश्यले मध्यवर्ती क्षेत्र विस्तार गरेको पाइन्छ । मध्यवर्ती क्षेत्रमा रहेका वनलाई सामुदायिक वनका रूपमा व्यवस्थापन गरिनुका साथै स्थानीय उपभोक्ता समूहहरूलाई संरक्षित क्षेत्रको आम्दानीबाट लाभान्वित गराइएको छ । यस अर्थमा संरक्षित क्षेत्रबाट जैविक विविधताको संरक्षण हुनुका साथै स्थानीय जीविकोपार्जनमा समेत सहयोग पुग्न सक्ने देखिन्छ । संरक्षित क्षेत्रहरूले वातावरणीय सेवा, स्थानीय समुदायहरूको

जीविकोपार्जनमा सहयोगदेखि लिएर राष्ट्रिय विकासका लागि आर्थिक टेवा पुऱ्याइरहेको कुरा विभिन्न अध्ययन तथा प्रतिवेदनहरूमा उल्लेख भएको पाइन्छ (Khatri 2010)। एक अध्ययनअनुसार २०५७ देखि २०६२ सम्ममा नेपालको वनक्षेत्रले संकलन गरेको राजस्वमध्ये संरक्षित क्षेत्रले मात्र १० देखि २५ प्रतिशतसम्म योगदान गरेको थियो (LFP 2011)। आ.व. २०६६/०६७ मा मात्र संरक्षित क्षेत्रबाट १४ करोडभन्दा बढी राजस्व संकलन भएको थियो (DNPWC 2010)। यसर्थ नेपालमा रोजगारी सिर्जना गर्ने विभिन्न क्षेत्रहरूमध्ये संरक्षित क्षेत्र एक महत्वपूर्ण विषय बन्दै आएको (LFP 2011; Nepali 2006) छ। यसबाट सिर्जना हुने रोजगारीलाई स्थानीय समुदायको जीविकोपार्जनमा सहयोग पुऱ्याउने एक आधारका रूपमा लिन सकिन्छ। संरक्षित क्षेत्रमा सिर्जना हुने रोजगारीको अवस्थालाई अध्ययन गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष दुवै क्षेत्रको विश्लेषण गर्नु उपयुक्त हुने देखिन्छ।

## प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी

संरक्षित क्षेत्रबाट सिर्जना हुने प्रत्यक्ष रोजगारीको अवस्थालाई अध्ययन गर्नु त्यति असजिलो कुरा होइन किनभने त्यससम्बन्धी सूचनाहरू लिपिबद्ध भएका हुन्छन्। यसका साथै रोजगारको आकलन पनि धेरैजसो अवस्थामा स्पष्ट नै हुन्छन् तर अप्रत्यक्ष रोजगारीबारे भने यस्ता सूचना एवं जानकारीहरू पाउन गाह्रो पर्छ साथै सूचनाको अभावमा अप्रत्यक्ष रोजगारीको आकलन गर्न कठिन हुन्छ। यद्यपि अप्रत्यक्ष रोजगारी प्रत्यक्ष रोजगारीसँग जोडिएको हुनाले यसको आकलन धेरै महत्वपूर्ण हुन्छ। कुनै एक कार्यबाट प्रत्यक्ष एवं अप्रत्यक्ष दुवै किसिमका रोजगारी सिर्जना हुन सक्छन् तर धेरैजसो अप्रत्यक्ष रोजगारीहरू प्रत्यक्ष रोजगारी कार्यको असरस्वरूप सिर्जित भएका हुन्छन् ( Proctor et al. 2009)।




***चित्र १ : प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी***

***स्रोत : Proctor et al. 2009***

चित्र १ को अवधारणाअनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको प्रतिवेदन ( DNPWC 2010) र सम्बन्धित सूचनाहरू अध्ययन गर्दा निम्नअनुसारको प्रत्यक्ष एवं अप्रत्यक्ष रोजगारी आकलन गर्न सकिन्छ :

## प्रत्यक्ष रोजगारी

प्रत्यक्ष रोजगारीमा सर्वप्रथम सम्बन्धित सरकारी निकायका कर्मचारी नै पर्छन्। संरक्षित क्षेत्रमार्फत जैविक विविधता संरक्षण गर्नु नै उनीहरूको मुख्य उद्देश्य रहेकाले

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा कार्यरत कर्मचारीहरूलाई प्रत्यक्ष रोजगारमा गणना गर्न सकिन्छ । यसैगरी संरक्षित क्षेत्रको कार्यमा पूर्णरूपमा परिचालित नेपाली सेनाका विभिन्न एकाइहरूलाई पनि प्रत्यक्ष रोजगारका रूपमा गणना गर्न सकिन्छ । अर्कोतर्फ मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहहरूमा स्थानीय स्तरबाट परिचालित वन हेरालु तथा संरक्षण सहयोगीहरूलाई प्रत्यक्ष रोजगारीमा गणना गर्न सकिन्छ । यसरी यी तीन किसिमका रोजगारहरूलाई यस आकलनमा प्रत्यक्ष रोजगारको रूपमा लिइएको छ ।

## अप्रत्यक्ष रोजगारी

अप्रत्यक्ष रोजगारीको दायरा फराकिलो हुन्छ किनकि प्रत्यक्ष रोजगारीको कार्य असरबाट सिर्जित सम्पूर्ण रोजगारीहरू यसमा समावेश गर्नुपर्ने हुन्छ । यस लेखमा मूख्यतः पर्यटन प्रवर्द्धन र अध्ययन-अनुसन्धान गरी दुई प्रमुख क्षेत्रबाट सिर्जना हुने रोजगारीलाई अप्रत्यक्ष रोजगारीमा राखिएको छ । पर्यटन प्रवर्द्धन संरक्षित क्षेत्रको एक मुख्य कार्यक्रमभित्र पर्छ । यदि प्रत्यक्ष रोजगारको कामको प्रतिफलस्वरूप बढीभन्दा बढी पर्यटकहरूले संरक्षित क्षेत्र भ्रमण तथा अवलोकन गरे भने स्थानीय पथप्रदर्शक, होटेल व्यवसायी स्थानीय सामग्री विक्रेता आदिले रोजगारीको अवसर पाउँछन् । त्यसैगरी संरक्षित क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न आउने वैज्ञानिक तथा विद्यार्थीमार्फत पनि अप्रत्यक्ष रूपमा स्थानीय सहयोगी एवं व्यवसायीको रोजगारी सिर्जनामा सहयोग पुगेको हुन्छ । यसबाहेक, संरक्षित क्षेत्रको वन व्यवस्थापनको तहमा थप रोजगारीको सिर्जना भएको हुन सक्छ । यसका साथै मध्यवर्ती क्षेत्रको सामुदायिक वन व्यवस्थापनदेखि लिएर यो संरक्षित क्षेत्रबाट प्राप्त आम्दानी रकमबाट सिर्जित कार्यक्रमबाट पनि अप्रत्यक्ष रूपमा धेरैले रोजगारी पाएका हुन्छन् ।

## रोजगारीको आकलन विधि

रोजगारीको आकलन गर्न प्रत्यक्ष रोजगार एवं अप्रत्यक्ष रोजगारका आवश्यक तथ्यांकहरू उपलब्ध स्रोतबाट संकलन गरियो । त्यसपश्चात् हरेक रोजगारीको तथ्यांकलाई आवश्यक गुणकहरूले गुणन गरेर प्रतिवर्ष प्रतिव्यक्तिको रूपमा रोजगारीको आकलन गरिएको छ ( तालिका न. १ र २) । यी गुणकहरू उपलब्ध अध्ययनहरूबाट लिइएको छ । यी गुणकहरूले सम्बन्धित कार्यक्रम तथा रोजगारीको शीर्षकअन्तर्गत सिर्जना हुने सम्पूर्ण रोजगारीहरूलाई एकमुष्ठ औसत तवरले आकलन गर्ने आधार प्रदान गरेका हुन्छन् । जस्तै : एकजना विदेशी पर्यटकले संरक्षित क्षेत्र भ्रमण गर्दा ८.२१ व्यक्तिबराबरको रोजगारी सिर्जना हुन्छ भने सो ८.२१ व्यक्तिभित्र स्थानीय पथप्रदर्शक, होटेल व्यवसायी आदिको रोजगारीसमेत औसत रूपमा समावेश भइसकेको हुन्छ । अन्तर्राष्ट्रिय मान्यताअनुसार २४० दिनबराबरको रोजगारीलाई एक व्यक्ति वर्ष रोजगारी मानिएको छ (LFP 2011) । सोहीअनुरूप यस लेखमा रोजगारीको आकलन गरिएको छ ।

## सिर्जित रोजगारी

रोजगारी आकलनको उल्लिखित विधिअनुसार प्राप्त सूचनाहरूलाई संक्षिप्त तालिकामा प्रस्तुत गर्दा नेपालको संरक्षित क्षेत्रबाट सिर्जित निम्नअनुसारको रोजगारीको विवरण चित्रण भएको छ :

**तालिका १ : संरक्षित क्षेत्रबाट सिर्जित प्रत्यक्ष रोजगारी**

| कार्यक्रम रोजगारी | शीर्षक परिणाम | (क) प्रति | एकाइ रोजगारी (LFP 2011) बाट (ख) | रोजगारी व्यक्ति प्रतिवर्ष (Full time Equivalent Year) (ग = क X ख) | परिणाम सूचना स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रजाति संरक्षण तथा वासस्थान व्यवस्थापन | रा.नि. संरक्षण विभागका कर्मचारीहरू | ८१४जना | – | ८१४ | DNPWC 2010 | थप ३४५ दरबन्दी खाली रहेको |

| कार्यक्रम | रोजगारी शीर्षक | परिणाम (क) | प्रति एकाइ रोजगारी (LFP 2011) बाट (ख) | रोजगारी व्यक्ति प्रतिवर्ष (Full time Equivalent Year) ( ग = क X ख) | परिणाम सूचना स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | संरक्षण क्षेत्रमा कार्यरत नेपाली सेना | ६,७७८ जना | | ६,७७८ | NA 2011 | १२ संरक्षित क्षेत्रमा परिचालित |
| मध्यवर्ती क्षेत्र व्यवस्थापन | मध्यवर्ती उपभोक्ता समूहहरू | ४,०९३ | १.०६ प्रतिसमूह व्यक्ति वर्ष | ४,३३९ | DNPWC 2010 | मुख्यतया वन हेरालुहरू |
| जम्मा | | | | ११,९३१ प्रतिवर्ष | | |

**तलिका २ : संरक्षित क्षेत्रबाट सिर्जित अप्रत्यक्ष रोजगारी**

| कार्यक्रम रोजगारी | शीर्षक परिणाम | (क) प्रति एकाइ | रोजगारी (व्यक्ति दिन) (ख) रोजगारी व्यक्ति | प्रतिवर्ष (ग = क X ख ÷२४०) | परिणाम सूचना स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| पर्यापर्यटन प्रवर्द्धन | संरक्षित क्षेत्रको भ्रमण गरेका पर्यटक ( आन्तरिक) | १४९,७१५ जना | ३.०३ प्रतिपर्यटक (LFP 2011 बाट) | १,८९० | DNPWC 2010 | |
| | संरक्षण क्षेत्रको भ्रमण गरेका पर्यटक (विदेशी) | २३०,३७८ जना | ८.२१ प्रतिपर्यटक (LFP 2011 बाट) | ७,८८० | DNPWC 2010 | सार्क राष्ट्रका नागरिकसमेत |
| अध्ययन अनुसन्धान | शैक्षिक अध्ययन फिल्डकार्य /स्थलगत अध्ययन | ७२ अध्ययन | ६० प्रतिअध्ययन कार्य (शम्भु दंगालबाट )* | १८ | DNPWC 2010 | B.Sc. देखि PhD तहसम्मको अध्ययन |
| जम्मा | | | | ९,७८८** | | |

जम्मा प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी = २१,७१९ व्यक्ति प्रतिवर्ष

* हालै सम्पन्न Forestry Sector Employment Study (LFP 2011) को अनुभवका आधारमा त्यस अध्ययन टोलीका टोलीनेता शम्भु दंगालसँगको प्रत्यक्ष कुराकानीबाट अनुमानित ।

** वन व्यवस्थापन कार्य र उपयोगमा हुने रोजगारी समावेश गरिएको छैन ।

## छलफल तथा सुझावहरू

एल.एफ.पी. ले सन् २०११ मा गरेको एक अध्ययनअनुसार प्रत्यक्ष तथा अप्रत्यक्ष दुवै गरी नेपालको वन क्षेत्रबाट कुल १४४,२०६ व्यक्ति प्रतिवर्ष रोजगारी सिर्जना भइरहेको पाइन्छ (यस आकलनमा वन सम्पदाको घरेलु प्रयोगबाट प्राप्त रोजगारीलाई समावेश गरिएको छैन) । यसअनुसार वनक्षेत्रबाट पनि देशको समग्र उत्पादन तथा आर्थिक क्षेत्रमा योगदान रहेको पाइन्छ । आकलन गरिएको प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीको विवरण (तालिका १ र २) अनुसार संरक्षित क्षेत्र, वन तथा जैविक विविधता संरक्षण कार्यमार्फत कम्तीमा २१,७१९ कुल व्यक्ति प्रतिवर्ष बराबरको रोजगारी सिर्जना भइहेको देखिन्छ, जो वनक्षेत्रबाट सिर्जित कुल रोजगारीको १५ प्रतिशत हुन आउँछ । संरक्षित क्षेत्रबाट सिर्जित सो रोजगारीमध्ये अप्रत्यक्ष रोजगारीले झन्डै आधा हिस्सा (४५ प्रतिशत) योगदान गरेको देखिन्छ । अझ अप्रत्यक्ष रोजगारीको आकडामा बनसम्पदा व्यवस्थापन तथा उपयोगसम्मको रोजगारी समावेश गर्ने हो भने अप्रत्यक्ष रोजगारीको योगदान अरू महत्वपूर्ण रहने देखिन्छ ।

कुनै पनि कार्यक्रमबाट स्थानीय समुदायहरूले जीविकोपार्जन सहयोगमा यथेष्ट आशा राख्ने गरेका कारण पनि संरक्षित क्षेत्रबाट सिर्जित रोजगारी कुल वनक्षेत्र रोजगारीको कम्तीमा १५ प्रतिशत हुनु आफैंमा एउटा उल्लेखनीय पक्ष हो । पूर्ण रोजगारीको आँकडा, उल्लिखित आँकडाभन्दा अलि बढी हुन सक्ने भए तापनि रोजगारीको आँकडालाई संरक्षित क्षेत्रले ओगटेको वनक्षेत्र (२३ प्रतिशत) सँग गणितीय पक्षबाट दाँजेर हेर्ने हो भने संरक्षित क्षेत्रको हकमा रोजगारी सिर्जनामा अझ बढी जोड दिनुपर्ने विषय मननीय छ । यद्यपि संरक्षित क्षेत्रका आफ्नै विशिष्ट उद्देश्य रहने हुनाले संरक्षित क्षेत्रमा सिर्जित समग्र रोजगारीहरूको लगानी तथा प्रतिफलको विश्लेषण गरी यसले राष्ट्रको आर्थिक विकासमा पुऱ्याएको टेवाबारे थप स्पष्टता ल्याउन उपयोगी देखिन्छ । हाल विकसित सन्दर्भमा जलवायु परिवर्तनजस्ता वातावरणीय क्षेत्रमा पुऱ्याएको योगदान, जैविक विविधतामा हासिल गरेको प्रतिफलजस्ता संरक्षित क्षेत्रका उपलब्धिहरूमा रोजगारी सिर्जना एवं जीविकोपार्जनमा पुऱ्याएको सहयोगसमेतलाई समेट्दै बृहत् रूपमा लगानी प्रतिफलको आधारमा थप अध्ययन गरी संरक्षित क्षेत्रको योगदानबारे सरोकारवालाहरूलाई थप सुसूचित गर्ने महत्वपूर्ण अवसर छँदैछ ।

## सन्दर्भ सामाग्री


**DNPWC.** 2010. Annual Report 2009-10, Department of National Parks and Wildlife Conservation, Government of Nepal.

**IUCN.** 1998. Economic Values of Protected Areas: Guidelines for Protected Area Management. The World Conservation Union, Switzerland/UK

**Khatri, T. B.** 2010. Conservation Governance in Nepal: Protecting Forest Biodiversty and Peoples Livelihoods. *Unasylva*, **61**.

**LFP.** 2011. Forestry Sector Employment Study in Nepal (unpublished). Livelihoods and Forestry Programme, Kathmandu, Nepal.

**NA.** 2011. Nepal Army Official Website. www.nepalarmy.mil.nplenv-con.php (Accessed in Sep. 15, 2011)

**Nepali, S.C.** 2006. Management Effectiveness Assesment of Protected Areas Using WWF's RAPPAM Methodology. WWF Nepal Program, Kathmandu.

**Paudyal, A.** 2007. Does Buffer Zone Buffer Protected areas? Habitat Himalaya, Volume XIV. Number 1. 2007.

**Proctor, W., Ferguson, I., Conley, K., Dargavel, J. and Bhati, U. N.** 2009. Direct and Indirect Employment in the Forestry Sector, Forest & Wood Products Research & Development Corporation, Australian Government.


●●●

* *राणा वन क्षेत्रको परियोजनामा कार्यरत हुनुहुन्छ ।*